आज मिति २०७४ माघ २१ गते आइतवारका दिन व्यास नगरपालिका नगर कार्यपालिका प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक बस्यो । बैठकको उपस्थिति र निर्णयहरु देहाय बमोजिम रहेको छ ।

<u>उपस्थिति</u>

| | | |
|---|---|---|
| - नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थिती |
| - नगर उपप्रमुख | श्री मिरा जोशी | ,, |
| - वडाध्यक्ष वडा नं.१ | श्री खरसिं दरै | ,, |
| - वडाध्यक्ष वडा नं.२ | श्री काशीराम श्रेष्ठ | ,, |
| - वडाध्यक्ष वडा नं.३ | श्री प्रेमकुमार श्रेष्ठ | ,, |
| - वडाध्यक्ष वडा नं.४ | श्री विश्वराज न्यौपान | अनुपस्थि, |
| - वडाध्यक्ष वडा नं.५ | श्री मोहनकुमार श्रेष्ठ | ,, |
| - वडाध्यक्ष वडा नं.६ | श्री सूर्यभक्त भण्डारी | उपस्थित |
| - वडाध्यक्ष वडा नं.७ | श्री सतिशचन्द्र न्यौपाने | ,, |
| - वडाध्यक्ष वडा नं.८ | श्री ओजराज पौडेल | ,, |
| - वडाध्यक्ष वडा नं.९ | श्री सुरेश थापा | ,, |
| - वडाध्यक्ष वडा नं.१० | श्री तुलसीराम सापकोटा | ,, |
| - वडाध्यक्ष वडा नं.११ | श्री निरबहादुर खड्का | ,, |
| - वडाध्यक्ष वडा नं.१२ | श्री तोत्रबहादुर कुंवर | ,, |
| - वडाध्यक्ष वडा नं.१३ | श्री लेखबहादुर राना | ,, |
| - वडाध्यक्ष वडा नं.१४ | श्री काजीमान श्रेष्ठ | ,, |
| - कार्यकारीणी सदस्य | श्री तमबहादुर दरै | ,, |
| - कार्यकारीणी सदस्य | | |
| - कार्यकारीणी सदस्य | श्री कल्पना पोखेल | ,, |
| - कार्यकारीणी सदस्य | श्री चन्द्रमाया परियार | ,, |
| - कार्यकारीणी सदस्य | श्री सुनसरी गुरुङ | ,, |
| - कार्यकारीणी सदस्य | श्री अमृतबहादुर नेपाली | ,, |
| - कार्यकारीणी सदस्य | श्री मधुमाया घर्ती | ,, |
| - कार्यकारीणी सदस्य | श्री नरीमाया राना | ,, |
| - सदस्य सचिव कार्यकारी अधिकृत | श्री हरिप्रसाद बास्तोला | ,, |
| - सामान्य प्रशासन शाखा | श्री कुमारकञ्चन जि.सी | ,, |
| - लेखा अधिकृत | श्री मेघनाथ आचार्य | अनुपस्थित |
| इन्जिनियर | श्री रबिन्द्रलाल मूल | उपस्थित |

**निर्णय नं १:** आ.व. २०७४/०७५ को व्यास न.पा. कृषि शाखा तनहुँको वार्षिक स्वीकृत कृषि प्रसार कार्यक्रम अन्तर्गत कृषि यान्त्रीकरणमा सहयोग कार्यक्रम तर्फ ५० प्रतिशत अनुदानमा हाते ट्याक्टर वितरणको ३ वटा लक्ष्य रहेकोमा पर्न आएका ९ वटा निवेदनहरुमध्ये मिति २०७४।१०।१९ गते बसेको आर्थिक विकास समितिको बैठकबाट छनौट भएका तपसिल बमोजिमका कृषकहरुलाई ५० प्रतिशत अनुदानमा हाते ट्याक्टर उपलब्ध गराउने निर्णय यस वोर्ड बैठकबाट अनुमोदन गर्ने निर्णय गरियो ।

| सि.नं | कृषकको नाम | ठेगाना | अनुदान सामाग्री | कृषक समुहको नाम | कै. |
|---|---|---|---|---|---|
| १ | शम्सेरबहादुर थापा | व्यास ८ | हाते ट्याक्टर | भलुवा कृषक समूह | ५0% अनुदान |
| २ | बाबुलाल प्रधान | व्यास ९ | हाते ट्याक्टर | कुसुमे उद्यमशील कृषि समूह | ५0% अनुदान |
| ३ | ज्ञानभक्त थापा | व्यास ११ | हाते ट्याक्टर | तनहुँशुर कालिका भगवती विकास संस्था | ५0% अनुदान |
| वैकल्पिक उम्मेदवार | | | | | |
| १ | होमबहादुर दरै | व्यास १० | | | |

**निर्णय नं २:** यस व्यास नगरपालिकाद्वारा माग गरिएका दरभाउपत्रहरुको मूल्यांकन समितिबाट सिफारिस गरिएका निम्न दरभाउपत्रलाई स्वीकृति गर्ने निर्णय गरियो ।

(क) व्यास नगरपालिका अर्न्तगत विभिन्न स्वास्थ्य संस्थाहरुलाई नि:शुल्क वितरण गरिने औषधीहरु खरिद गर्ने कार्यका लागि दररेट कोटेशन माग गरिएकोमा श्री चुनचुन फार्मेसी पोखरा कास्कीले न.पा कार्यालयको स्वीकृत विभागीय लागत अनुमान भन्दा घटी दररेट उल्लेख गरी कोटेशन दर्ता गराएको हुँदा श्री चुनचुन फार्मेसी पोखरा, कास्कीको रु.४,९८,६७७।०० बराबरको कोटेशन स्वीकृत गरी कार्य अगाडि बढाउन मनासिव देखिएकोले उक्त कोटेशन स्वीकृत गर्ने निर्णय गरियो ।

(ख) व्यास नगरपालिकाको बृहत/एकीकृत शहरी विकास योजना निर्माण गर्नका विभिन्न बोलपत्रदाताहरु मध्ये श्री NEST-Picasso Urban J/V काठमाण्डौले ९३.८० प्रतिशत अंक प्राप्त गरेको हुँदा सबैभन्दा बढी प्रतिशत अंक प्राप्त गर्ने श्री NEST-Picasso Urban J/V काठमाण्डौको (भ्याट समेत) रु २१,०१,८००।०० अंक बराबरको प्रस्ताव स्वीकृत गरी कार्य अगाडि बढाउन निर्णय गरियो ।

ग) व्यास नगरपालिका अर्न्तगत दमौली अस्पतालमा भर्ना हुने बिरामीहरुलाई मिति २०७४ माघ महिनादेखि २०७५ पौष मसान्तसम्म खाना खुवाउने सम्बन्धमा ईच्छुक व्यक्ति तथा फर्महरुको लागि मिति २०७४।९।२७ गते मादी सेती प्रवाह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार तोकिएको समयमा रीतपूर्वक दर्ता हुन आएको श्री प्रमिला होटल व्यास २ तनहुँको एक मात्र दरभाउपत्र मिति २०७४।१०।१२ गते विभिन्न कार्यालयका प्रतिनिधिहरु समेतको रोहवरमा मुचुल्का गरी खोलिएकोमा त्यसरी खोलिएको एक मात्र दरभाउपत्रमा श्री प्रमिला होटल व्यास २ ले कबोल गरेको दररेट स्वीकृत गरी कार्य अगाडि बढाउन मनासिब देखिएकोले उक्त दरभाउपत्र स्वीकृत गर्ने निर्णय गरियो । साथै निजले कवोल गरेको दररेट यस प्रकारको रहेको छ ।

| सि.नं. | वस्तुको नाम | कवोल गरेको मुल्य | कैफियत |
|---|---|---|---|
| १ | मन्सुली चामल | ११।५० | |
| २ | दाल (मास, रहर, मसुरो) | १८। | |
| ३ | आलु | ६।७० | |
| ४ | हरियो ताजा तरकारी (मौसम अनुसार | १५। | |
| ५ | नुन (आयोडिन युक्त) | १०।५० | |
| ६ | तारीको तेल प्रति लिटर | १३।४० | |
| ७ | मिश्रित मसला | ५। | |
| ८ | ब्याज | २।४० | |
| ९ | ग्यास सिलिण्डर ठूलो (१२० दिन/३० दिन) | ११। | |
| | तयारी प्रति व्यक्ति खान रु. | ८७।०१ | |
| १० | खसीको मासु (टाउको, खुट्टा, आन्द्रा, भुंडी बाहेक) | १८६।५० | |
| ११ | कुखुराको मासु | ९०।५० | |

| | | | |
|---|---|---|---|
| १२ | कुखुराको अण्डा प्रति गोटा | १४। | |
| १३ | बिस्कुट प्रति पूरिया | १४।५ | |
| १४ | चिनी | ३।५ | |
| १५ | चियापत्ती | ८।२९ | |
| १६ | तयारी प्रति व्यक्ति कालो चिया रु. | १३। | |
| १७ | पाउरोटी प्रति पाउण्ड | २९। | |
| १८ | सुख्खा तरकारी तयारी समेत गरी | १९। | |
| १९ | सुख्खा रोटी तरकारी तयारी समेत | ८८ | |

(घ) व्यास नगरपालिका कार्यालय अर्न्तगत जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र तथा विभिन्न आयुर्वेद औषधालयहरुमा अत्यावश्यक आयुर्वेद औषधीहरु खरिद गर्ने दरभाउ पत्र सम्बन्धी सूचना प्रकाशित गरिएकोमा श्री सिद्धिगणेश आयुर्वेद सप्लायर्स, बुटवल ८ रुपन्देहीले मात्र २२ प्रकारका औषधी मध्ये एक औषधी बाहेक अन्य सबै औषधीहरुको नमूना पेश गरेको तथा एक औषधीको उत्पादन अनुज्ञापत्र पेश नगरेको अवस्थामा उक्त दुई औषधीहरु मृगमदासव र लाक्षाचूर्ण बाहेक अन्य २० प्रकारका औषधीहरु खरिद गर्ने गरी अन्य औषधीहरुको लागि श्री सिद्धिगणेश आयुर्वेद सप्लायर्स, बुटवल ८ रुपन्देहीले कबोल गरेको कबोल अंक रु.९,०८,३८०।०० को सिलबन्दी दरभाउपत्र स्वीकृत गरी आयुर्वेदिक औषधी खरिद प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

(ङ) व्यास नगरपालिका कार्यालय अर्न्तगत रहेको दमौली अस्पताल एवम् विभिन्न वर्थिङ सेन्टरमा सुत्केरी महिलालाई वितरण गरिने न्यानो झोला (लुगा सेट) खरिद गर्ने कार्यका लागि मिति २०७४।९।२३ गते व्यास नगरपालिका कार्यालयमा सुचिकृत विभिन्न फर्महरुसँग कोटेशन दररेट माग गरिएकोमा रीतपूर्वक यस कार्यालयमा दर्ता भएका विभिन्न तीन (३) फर्मका दररेटहरुलाई मूल्यांकन गर्दा श्री चुनचुन मार्फेसी रामघाट १० पोखराले भ्याट बोहक प्रतिसेट रु.७९९।, श्री रामलक्ष्मण फार्मेसी पोखरा ९ कास्कीले भ्याट बाहेक प्रतिसेट रु.७९८। र श्री चिराग फार्मेसी पोखरा ११ रानिपौवाले भ्याट बाहेक प्रतिसेट रु.७९६। मा उपलब्ध गराउने गरी कोटेशनमा उल्लेख गरेको देखिएको हुदाँ सबैभन्दा न्युन दररेट कबोल गर्ने श्री चिराग फार्मेसी पोखरा ११ रानिपौवाले कबोल गरेको (भ्याट बाहेक) प्रतिसेट मुल्य रु.७९६। को कोटेशन स्वीकृत गरी न्यानो झोला सेट खरिद गर्न मनासिव देखिएकोले उक्त कोटेशन स्वीकृत गर्ने बोलपत्र मूल्यांकन समितिले पेश गरिएको हुदाँ उक्त कोटेशन अनुमोदन गरियो ।

<u>निर्णय नं ३:</u> यस न.पा.द्वारा निर्माण गरिएका ऐन, नियम, कार्यविधि र निर्देशिकामा संशोधन गर्नुपर्ने विषयमा अध्ययन गरी संशोधन प्रस्ताव पेश गर्न र नयाँ निर्माण गर्नुपर्ने ऐन, नियम, कार्यविधि र निर्देशिका संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयवाट प्राप्त नमूना अनुसार ड्राफ्ट निर्माण गरी पेश गर्न विधायन समितिलाई जिम्मा दिने निर्णय गरियो । साथै विधायन समितिको रिक्त रहेको सदस्य सचिवमा कम्प्यूटर अधिकृत श्री गोकर्णराज वाग्लेलाई तोक्ने निर्णय गरियो ।

<u>निर्णय नं ४:</u> यस व्यास न.पा.को निर्माणधीन बहुउद्देश्यीय भवनको V.O को निवेदन प्रस्ताव पेश भयो । सोको प्राविधिकद्वारा अध्ययन गरी आगामी बैठकमा पेश गर्ने निर्णय भयो । साथै पेश भएका कार्यक्रमहरु मध्ये Lift र Under Ground कोरा मसिनो ढलानको ४ सेन्टीलाई ८ सेन्टी बनाउने कार्यलाई अगाडि बढाउने निर्णय गरियो ।

<u>निर्णय नं ५:</u> व्यास न.पा. वडा नं २ बाट पूर्व स्वीकृत योजनाको रकम रु.६,००,०००। (छ लाख रुपैया) मा स्थानान्तरण गरिदिने सम्बन्धी पत्र प्राप्त भई छलफल भयो वडाको माग अनुसार निम्नअनुसारका योजना परिवर्तन गर्ने निर्णय गरियो ।

(क) कालिका मार्गदेखि पश्चिम पट्टी भण्डारी मेडिकल हलसम्म कंक्रिट ढलान गर्न रु.२,९०,०००। दुई लाख नब्बे हजार रुपैयां मात्र ।

(ख) विद्यार्थी पुस्तक पसलदेखि रमेश हमालको घरसम्मको पक्की नाला निर्माण गर्नका लागि थप रकम रु.१,१०,०००। एक लाख दश हजार रुपैयां मात्र ।

(ग) लालबहादुर थापाको घरदेखि कल्पना गौलीको घरसम्म कंक्रिट ढलान गर्नका लागि थप रकम रु.२,००,०००। दुई लाख रुपैयां मात्र ।

<u>निर्णय नं ६:</u> व्यास नगरपालिका वडा नं ३ को शान्ती नगरको नाला निर्माणका लागि यस अघि विनियोजन भएको रु.५०,००,०००। (पाचस लाख) को प्याकेज स्थानीय उपभोक्ताहरुले हाललाई संचालन गर्न नसक्ने भनी वडा अध्यक्ष मार्फत जानकारी आएकोले उक्त कार्यक्रम व्यास १० स्थित कुमालटारी, दुम्सी माथि पक्की नालामा स्थानान्तरण गर्ने निर्णय गरिन्छ ।

**निर्णय नं ७:** निम्न योजनाहरुका लागि निम्न रकम विनियोजन गर्ने निर्णय गरियो ।

(क) व्यास न.पा. वडा नं ४ जलदेवी एकिकृत खस आर्य समाजलाई कर्म स्थलसम्म कृयापुत्री भवन जाने (बाटो निर्माण गर्न) रु.२,००,०००। (दुई लाख रुपैयां) मात्र ।

(ख) व्यास न.पा. वडा नं ९ नारायणचौर वेतिनी खानेपानी योजनाका लागि रु.२,६०,०००। (दुईलाख साठी हजार रुपैया) मात्र । विनियोजन गर्ने निर्णय गरियो ।

(ग) व्यास न.पा. वडा नं ९ क्षेत्री समाजको भवन निर्माणका लागि रु.२,००,०००। (दुई लाख रुपैयां) मात्र । विनियोजन गर्ने निर्णय गरियो ।

(घ) व्यास न.पा. वडा नं १० दुम्सीचौर दरै भवन निर्माणका लागि रु.५०,०००। (पचास हजार रुपैया) मात्र । विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं ८:** मिति २०७४/१०/१९ गते पूर्वाधार विकास समितिको बैठकबाट पेश गरिएका तपशिलमा उल्लेखित वडा कार्यालय पहुँच मार्गहरुलाई रकम विनियोजन गर्ने निर्णय गरियो ।

तपशिल

| वडा नं | योजनाको नाम | प्रस्तावित बजेट चालु आ.व. रु | कैफियत |
|---|---|---|---|
| ६ | शिशाघाट, शेखटार, मादीवेशी हुँदै वडा कार्यालसम्म | ५ (पाँच) लाख | सडक स्तरोन्नति |
| ७ | भद्रकाली मोटर मार्ग, (व्यास मार्गदेखि लाखुटारी, साँखुले, धरमपानी, छापथोक हुँदै वडा सम्पर्क कार्यालय कलेस्ती) | ५ (पाँच) लाख | सडक स्तरोन्नति |
| ७ | व्यास मार्गबाट नयाँपुल श्याम्घा जाने मोटर मार्ग | २ (दुई) लाख | सडक स्तरोन्नती |
| ८ | रिस्ती बराह शान्ती मोटर मार्ग, वडा कार्यालय, बाहुन पोखरा गाडापानी हुँदै पुलीमराङ्ग जाने बाटो | ८ (आठ) लाख | नयाँ ट्र्याक कच्ची नाली |
| ८ | लालध्वज मार्ग, वडा कार्यालय, कुइलेनी हुँदै पुलीमराङ्ग जाने बाटो | ४(चार) लाख | नयाँ ट्र्याक कच्ची नाली |
| ९ | छापबाट गजौडे वडा कार्यालयसम्म | ४ (चार) लाख | नयाँ ट्र्याक कच्ची नाली |
| १० | सेवरबाट वडा कार्यालय हुँदै बैरनी व्यास मार्गसम्म | १० (दश) लाख | पक्की नाला र ग्राभेल |
| ११ | पुरनडीही, भुत्याहारह, निर्वु हुँदै दुम्सीचौर बुल्दी खोलामा कजवे र बाटो स्तरीकरण | ५ (पांच) लाख | कजवे निर्माण |
| १२ | छिर्कनदेखि वडा कार्यालय हुँदै कमलवारी जाने बाटो | ७ (सात) लाख | सडक स्तरोन्नति |
| १४ | छिर्कनदेखि कुलुङ्ग वडा कार्यालय, नयाँगाउँ हुँदै मास्दीघाट बुद्धसिं मार्ग जाने बाटो | ७ (सात) लाख | |